## सुक्तिसुधा

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।

- विदुरनीति

## सम्पादकीय

# देउवालाई राजपाठ

सर्वोच्च अदालतको परमादेशबाट कांग्रेस सभापति शेर बहादुर देउवा प्रधानमन्त्री नियुक्त भएका छन।नेकपा (एमाले ) अध्यक्ष केपी ओली नेतृत्वको सरकार अदालतको आदेशमा ढलेको छ । शेरबहादुर देउवा पाँचौ पटक प्रधानमन्त्री बनेका छन।राष्ट्रपति विद्या भण्डारीबाट सपथ गरेका देउवाले चार जना मन्त्री नियुक्त गरेर सानो मन्त्री मण्डल बनाएका छन । अदालतको आदेशअनुसार प्रधानमन्त्री बनेका देउवाको सपथ पछि पहिलो बधाई एमालेका बरिष्ठ नेता माधवकुमार नेपालले दिए । सामाजिक दुरी कायम गरि बधाई दिन गरिएको आग्रहलाई तोड्दै हात मिलाएर बधाई दिए। देउवालाई प्रधानमन्त्री बनाउन नेपाल कति हतार रहेछन भन्ने स्पष्ट भएको छ। आफ्नै पार्टीको सरकारलाई ढालेर विपक्षी दलका सभापतिलाई उक्त पदमा पुऱ्याउन साथ दिने मुख्य नेता नेपाल हुन । एमाले अध्यक्ष ओली र वरिष्ठ नेता नेपालबीचको अत्यन्त तिक्ततापूर्ण सम्बन्धले पार्टी फुटको अवस्थामा छापार्टीलाई एकताबद्ध बनाउन आफैंले कार्यदलमा पठाएका सहयोद्धाको निर्णयलाई स्वीकार्न सकेका छैनन् । यी दुई नेताबीच राजनीतिक सम्बन्धमा उतार-चढाव रहँदै आएको छ। नेपालले १५ वर्ष पार्टीको नेतृत्व गरेका थिए।नेपालसंग लामो समय सहकार्य गरेका ओलीले २०७१ को नवौं महाधिवेशनमा उनीसँगै प्रतिस्पर्धा गरेर नेतृत्व हात पारे। भारतद्वारा गरिएको नाकाबन्दीको प्रतिकारको नेतृत्व गरेका कारण ओलीको उचाइ बढ्दै गयो । ओलीको नेतृवमा एमाले एक्लै निर्वाचनमा जाँदा स्थानीय चुनावमा पहिलो पार्टी बन्यो ।

२०७४ को आम निर्वाचनमा ओलीकै नेतृत्वमा नेकपा माओवादी केन्द्रसँग चुनावी गठबन्धन गरेर नेपालमा कम्युनिष्ट शक्ति झण्डै दुईतिहाइ नजिक पुग्यो । २०७४ फागुन ३ मा ओली नेतृत्वमा दुईतिहाइ नजिकको सरकार बन्यो । २०७५ जेठ ३ मा एमाले र माओवादी केन्द्रको एकीकरण गरी नेकपा बन्यो । यी सबै विषयमा ओली एकलौटी बढेको र आफूसँग छलफलै नगरेको भन्दै नेपालले असन्तुष्टि जनाउँदै गएका थिए। एकीकरणपछि सुरुवाती दिनमा नेकपाका अध्यक्षद्वय ओली र पुष्पकमल दाहाल मिलेर गरेका हरेक निर्णयमा उनको आपत्ति रहँदै आयो । ओली र दाहालले चोचोमोचो मिलाएर आफूलाई किनारा लगाएको प्रतिक्रिया पनि उनको रहँदै आयो । दोस्रो मृगौला प्रत्यारोपण पछि ओली र दाहालबीच अन्तरविरोध बढ्न थाल्यो । नेकपाभित्रै ओलीविरुद्ध नेपाल, दाहालसहितको गठबन्धन बन्यो । लिम्पियाधुरासहितको चुच्चे नक्सा सार्वजनिक भएर देशभर खुसियाली भइरहेको बेला दाहाल-नेपाल गठबन्धनले ओलीको राजीनामा माग्यो । यसले नेपाल र ओलीको तिक्कता अझ बढ्दै गयो ।

नेकपा कालमा ओलीविरुद्ध १९ बुँद्धे आरोपपत्र दाहालले ल्याए । त्यसमा आफ्नो पनि समर्थन भएको भन्दै ओलीविरुद्ध नेपाल पनि लागे । २०७७ पुस ४ मा ओली सरकारविरुद्ध दाहाल-नेपाल गठबन्धनले अविश्वासको मत ल्याउने तयारी गऱ्यो । त्यो थाहा पाएर ओलीले पुस ५ मा प्रतिनिधिसभा विघटन गरे। पहिलो पटकको विघटनपछि ओली र नेपालबीचको तिक्तता सडकसम्म पुग्यो । त्यसपछि नेपाल-दाहाल प्रतिगमन भन्दै ओलीको कदमविरुद्ध सडक उत्रिए । देशव्यापी प्रदर्शन गरे । ओलीले उनीहरूविरुद्ध कार्यकर्ता सडकमा उतारे । उनीहरूले सडकबाटै चार पटक ओलीलाई पार्टीको साधारण सदस्यबाट निष्कासन गरे । सडकबाटै माधव नेपाललाई पार्टीको अध्यक्ष घोषणा गरियो । ओली र नेपाल दुवै एकअर्काविरुद्ध तुच्छस्तरका गालीगलौजमा उत्रिए । फागुन ११ मा प्रतिनिधिसभा पुनर्स्थापना भयो । नेपाल र दाहालले खुसियाली मनाए। उता फागुन २३ मा नेकपा भंग गरेर एमाले र माओवादी केन्द्रलाई सर्वोच्चले बिउँत्याइदियो । नेपाल र दाहालले आ-आफ्ना पार्टीमा फर्कनुपर्ने बाध्यता भयो। माधव नेपालसहितले आफूलाई साधारण सदस्यबाट निकालेको तुस ओलीमा रहिरह्यो । २०७७ फागुन २३ मा एमाले बिउँतिएपछि चार पटक मात्रै उनीहरूबीच भेटवार्ता सम्भव भएको छ ।

दुवै पक्षले आफ्ना सामान्तर गतिविधि गरिरहे। नेपाल निरन्तर विपक्षी गठबन्धनसँग मिलेर ओलीलाई सत्ताच्युत गर्न लागिरहे । ओलीले नेपाललाई पटक-पटक कारबाहीको डण्डा चलाइरहे । नेपालले विपक्षी गठबन्धनसँग मिलेर ओली नेतृत्वको सरकारविरुद्ध अभिव्यक्ति दिइरहे । दोस्रो तहको नेताको प्रयासमा एकताको कार्यदल बनेर काम अघि बढाउँदा पनि उनीहरूबीचको सम्बन्धमा सौहार्दता कायम भएन । २०७८ असार २७ मा कार्यदलले १० बुँद्धे एकताको सहमति गरे । त्यसमा नेपालले भने अपनत्व ग्रहण गरेनन्। उनले तत्कालै अन्तुष्टिको प्रतिक्रिया दिए । सर्वोच्च अदालतले दोस्रो पटक गरेको प्रतिनिधिसभा पुनर्स्थापना र देउवा प्रधानमन्त्री बनाउन दिएको परमादेशको नेपालले स्वागत मात्रै गरेनन्, आफ्नै निवास नजिक विपक्षी गठबन्धनको बैठक बोलाए । ओलीलाई सत्ताच्युत गर्ने एक मात्र उद्देश्य पूरा भएको भन्दै उनले खुसी प्रकट गरे।ओलीले सरकारबाट विदाई हुँदा पनि राष्ट्रका नाममा सम्बोधन गर्दा सर्वोच्च अदालतले गरेको राजनीतिक फैसला र आफ्नै पार्टी भित्रबाट भएको असहयोगप्रति असन्तुष्टि प्रकट गरे । पहिलोपटक प्रधानमन्त्रीबाट हटाउँदा होस या अहिले उनै पात्र रहेको उल्लेख गरेर कम्युनिस्ट पार्टीको सरकार गिराउन आन्तरिक विरोध कारक रहेको स्वीकारेका छन।सत्तामा पुगेपछि सहयोद्धालाई पछार्ने नेपालका नेताको चरित्र भएको छानेपाली उखान 'भाइ फुटे गवार लुटे' ओली ढालेर देउवालाई राजपाठ गर्ने अवसर मिलेको छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : शत्रुको भय | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : मानसिक तनाब | धनु | : शारीरिक झमेला |
| कर्कट | : आर्थिक समस्या | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# नेपाल र अमेरिकाबीच लामो सहकार्य छ- अमेरिकी विदेशमन्त्री ब्लिकेन

**रासस**
**काठमाडौं, २९ असार**

अमेरिकी विदेशमन्त्री एन्थोनी ब्लिकेनले नेपाल र अमेरिकाबीच लामो सहकार्य रहेको बताउनुभएको छ।

अमेरिकाले नेपाललाई प्रदान गरेको कोरोना भाइरस विरुद्धको खोप नेपाल पुगेपछि उहाँले यस्तो धारणा सार्वजनिक गर्नुभएको हो । विदेशमन्त्री ब्लिकेनलेआधिकारिकसामाजिक सञ्जालमा लेख्नुभएको छ, "आज अमेरिकालेजोन्सनएण्डजोन्सनको १५ लाख डोज खोप नेपाललाई प्रदान गरेको छ । हामीबीच रहँदै आएको लामो सहकार्य अहिले खोप आदानप्रदानमा मुखरित भएको छ।

यसले नेपाली जनतालाई महाविपत्तिका बेला थप सुरक्षित राख्न मद्दत गर्ने छ ।" यसैबीच अमेरिकास्थित नेपाली दूतावासले एक विज्ञप्ति जारी गरी सहयोगका लागि अमेरिकी सरकार र जनतालाई हार्दिक आभार व्यक्त गरेको छ। अमेरिका र नेपालबीच ७३ वर्ष लामो दौत्य सम्बन्ध कायम छ।

कोरोना भाइरस विरुद्धको लडाइँमा अमेरिकी सरकारले नेपाललाई गरेको सहयोगअन्तर्गत खोप एउटा महत्वपूर्ण सहयोग हो। अमेरिकी खोप उत्पादक कम्पनी जोन्सन एण्ड जोन्सनको उक्त खोप एक मात्रा लगाए पुग्ने खोप हो।

# २८० किलोको नगरा !



**रासस**
**बागलुङ, २९ असार (रासस)**

काठेखोला गाउँपालिका-४ तङ्ग्राममा २८० किलोको नगरा निर्माण गरिएको छ । गाउँमैत्री अक्षयकोषले त्यसलाई 'देशकै ठूलो' नगरा भनेर दाबी गरेको छ। कला, सङ्गीत र साहित्यको संरक्षणमा क्रियाशील अक्षयकोषद्वारा निर्माणाधीन लोकबाजा सङ्ग्रहालयमा विशाल दमाहालाई राखिने छ।

अक्षयकोषका अध्यक्ष हेमराज आश्रमका अनुसार नगरामा २२२ किलो तामा र १५ किलो फलाम प्रयोग भएको छ । सात फिट गोलाइ रहेको नगरालाई मोड्न एक हजार ४०० फिट छालाको तुना लागेको उहाँको भनाइ छ । स्थानीय कालीगढले १८ दिन लगाएर नगरा निर्माण गरेका थिए। नगरालाई चाहिने भैंसीको छाला भारतको बिहारबाट ल्याइएको अध्यक्ष आश्रमले बताउनुभयो। यहाँ पाइने भैंसीको छाला सानो भएकाले भारतबाट झिकाइएको हो।

नगरा निर्माणका क्रममा कालीगढ रवीलाल, जरसिँह विकले तामा र लालबहादुर किसान, जगबहादुर र सरबहादुर विकले छालाको काम गर्नुभएको थियो । नगरा बनाउँदा कालीगढ र सहयोगीसमेत गरी ५० जना खटिएका थिए । परम्परागत आरान प्रविधिबाट नगरा निर्माण गरिएको कालीगढ रवीलालले बताउनुभयो । यति ठूलो नगरा बनाउन पाउँदा खुशीको अनुभव भएको उहाँले सुनाउनुभयो । कालीगढको मेहनत र शिल्पले विशाल नगरा बनाउन सम्भव भएको अध्यक्ष आश्रमले बताउनुभयो।

उहाँका अनुसार अर्को ठूलो नगरा काठमाडौंको हनुमानढोका परिसरमा छ। मल्लकालमा बनेको उक्त नगराको गोलाइ साँढे छ फिट छ। अक्षयकोषद्वारा निर्मित नगरा सात फिट गोलाइको भएकाले 'देशकै ठूलो' भनेर दाबी गरिएको हो । नगराको उचाइ भने छ फिटभन्दा केही बढी छ । "नगराले सांस्कृतिक र पर्यटकीय आकर्षण थप्ने हाम्रो विश्वास छ", अध्यक्ष आश्रमले भन्नुभयो,"यसले नेपाली मौलिक लोकवाद्यप्रतिको सम्मान पनि झल्काउँछ ।" दशैँ, चैते दशैँ, सरस्वती पूजा आदि पर्व र विशेष दिनमा उक्त नगरालाई बजाइने भएको छ। लोकबाजा सङ्ग्रहालय निर्माणका लागि गण्डकी प्रदेश सरकारबाट चालू आवमा प्राप्त रु १० लाख बजेटमध्येबाट रु पाँच लाख नगरामा खर्च भएको छ। बाँकी पाँच लाख सङ्ग्रहालय भवन बनाउन खर्च गरिएको अक्षयकोषले जनाएको छ । संरचना निर्माणसँगै लोकबाजा सङ्कलन र सङ्ग्रहका लागि आउँदो आवका लागि पनि प्रदेश सरकारबाट रु ५० लाख बजेट विनियोजन भएको छ । विसं २०६६ मा स्थापित अक्षयकोषले नेपालसहित विश्वभरका लोकबाजाको सङ्ग्रह गर्ने योजना बनाएको छ । हालसम्म नेपाली र पश्चिमेली गरी २५ प्रकारका लोकबाजा सङ्ग्रह गरिसकिएको छ।

सङ्ग्रहालय निर्माणका लागि अक्षयकोषलेतङ्ग्राममैतीनरोपनी जग्गा व्यवस्थापन गरेको थियो । अक्षयकोषले वर्सेनी गाउँस्तरमा 'ट्यालेन्ट अफ भिलेज' नामको कार्यक्रमसमेत गर्दै आएको छ । गीत, नृत्य र साहित्यतर्फ प्रतिभाको खोजी गरिने उक्त प्रतियोगितात्मक कार्यक्रमले दशौँ संस्करण पार गरिसकेको छ।

अक्षयकोषलाई थप संस्थागत र व्यवस्थित बनाएर समुदायलाई हस्तान्तरण गरिने अध्यक्ष आश्रमले बताउनुभयो । अक्षयकोषको चल/अचल गरी रु २० लाखबराबरको सम्पत्ति छ।


**रक्तदान जीवनदान**
**जीवनदान महादान**


# पहिराबाट ज्यान गुमाउनेको परिवारलाई संघ सरकारको राहत

**पोखरापत्र संवाददाता**
**दमौली, २९ असार**

पहिराबाट ज्यान गुमाउने तनहुँको बन्दीपुर गाउँपालिका-३ तामुङका पीडित परिवारलाई सङ्घ सरकारको तर्फबाट राहत वितरण गरिएको छ। गत असार १७ गतेको पहिरामा पुरिएर मृत्यु भएका दुई परिवारलाई सङ्घ सरकारको तर्फबाट सोमबार रु चार लाख राहत वितरण गरिएको हो।

तनहुँ क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य कृष्णकुमार श्रेष्ठ र प्रमुख जिल्ला अधिकारी सागर आचार्यले पीडितको घरमै पुगी जनही रु दुई लाखका दरले राहत रकम वितरण गर्नुभएको हो। सो क्रममा प्रतिनिधिसभा सदस्य श्रेष्ठले मानिसको जीवन पैसासँग तुलना गर्न नमिले पनि पीडित परिवारको साथमा सरकार छ भन्ने अनूभुति गराउन राहत वितरण गरिएको बताउनुभयो। पहिरामा परी उक्त ठाउँका ३० वर्षीया सरस्वती थापा र ७० वर्षीया हरिमाया सर्किनीको मृत्यु भएको थियो । यसअघि गण्डकी प्रदेश सरकारले पनि प्रतिमृतक रु ५० हजारका दरले राहत रकम प्रदान गरिसकेको छ । पहिरामा मृत्यु भएकाका परिवारलाई जनही रु दुई लाखका दरले राहत वितरण गर्ने प्रावधानअनुरुप ऋषिङका पीडितलाई पनि केही समयपछि राहत उपलब्ध गराइने बताइएको छ । गत यही १७ र २४ गतेको पहिरामा पुरिएर बन्दीपुरमा दुई र ऋषिङमा दुई जनाको मृत्यु भएको छ। यसैगरी ऋषिङ गाउँपालिकाले पहिराबाट मृत्यु भएका परिवारलाई राहत रकम प्रदान गरेको छ। गत असार २४ गते पहिरामा परेर मृत्यु भएका दुई जनाका परिवारलाई गाउँपालिकाले जनही रु ५० हजारका दरले राहत रकम वितरण गरेको हो।

ऋषिङ-७ निवासी ५२ वर्षीया देवीसरा थापा र ऋषिङ-८ माझकोट निवासी ४० वर्षीय खुमबहादुर आलेको परिवारलाईगाउँपालिकाकाअध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले सोमबार राहत रकम हस्तान्तरण गर्नुभयो । बाढीपहिरालेऋषिङमाअकल्पनीय क्षति पुऱ्याएको उल्लेख गर्दै अध्यक्ष श्रेष्ठले पीडितको साथमा स्थानीय सरकार रहेको बताउनुभयो । बाढी पहिराले ऋषिङका विभिन्न स्थानमा सडक अवरुद्ध भएको गाउँपालिकाका प्रवक्ता विजय दरैले जानकारी दिनुभयो । साथै पोल ढल्दा विभिन्न ठाउँमा विद्युत् अवरुद्धसमेत भएको छ।

# जन्मथलोमै उपेक्षित भानुभक्त

**पोखरापत्र संवाददाता**
**दमौली, २९ असार**

असार २९ गते आदिकवि भानुभक्त आचार्यको जन्मयजन्ती। विसं १८७१ असार २९ गते तनहुँको भानु नगरपालिकास्थित चुँदी रम्घामा जन्मिनुभएका भानुभक्तको नाम नेपालमा मात्र होइन विश्वभर प्रख्यात छ । भानु जयन्तीको दिन देशभित्र तथा देशबाहिर पनि विविध कार्यक्रम हुँदै आएका छन् ।

तर आफ्नै जन्मथलोमा भानुभक्त उपेक्षित छन् । भानु जयन्तीको अवसरमा उहाँको जन्मथलोमा खास विशेष कार्यक्रम हुँदैन। सामान्य कार्यक्रम गरेरै भानुजयन्ती मनाइँदै आएको छ । विगत वर्षदेखि त भानु जन्मस्थल विकास समिति नेतृत्वविहीन अवस्थामा पुगेको छ। भानुभक्तको योगदानको कदर गर्दै चुँदीरम्घालाई साहित्यिक तीर्थस्थल बनाउने भनेर योजना बनाइए पनि कार्यान्वयन नभएकोमा स्थानीयवासी खुशी छैनन् । भानुजयन्तीको दिन औपचारिकता निभाउने बाहेक यस ठाउँमा अन्य कुनै कार्यक्रम आयोजना भएका छैनन् ।

भानुभक्तको जन्मगाउँ अहिले संरक्षणको पर्खाइमा छ। सरकारले भानु जन्मस्थलको विकासका लागि विसं २०५२ मा भानु जन्मस्थल विकास समिति गठन गरे पनि सरकार परिवर्तनसँगै समितिको नेतृत्व पनि परिवर्तन नहुँदा देखिनेगरी काम हुन नसकेको स्थानीयवासी रिदम आचार्यले बताउनुभयो। नजिकैको तीर्थ हेला भने झै भानुभक्तको जन्मथलो उपेक्षामा परेको उहाँको गुनासो छ । "अहिले त अझ जन्मस्थल समितिविहीन अवस्थामा पुगेको छ, देश तथा विदेशमा भानुभक्तको चर्चा छ, तर आफ्नै जन्मथलोमा उपेक्षा बाहेक अरु केही छैन", उहाँले भन्नुभयो । साहित्यिक पर्यटकीय विकासको सम्भावना बोकेको भानुभक्तको जन्मस्थललाई राजनीतिबाट टाढा राख्न सक्नुपर्ने स्थानीयवासी एवं भानु जन्मस्थल विकास समितिका पूर्व अध्यक्ष श्रीभक्त आचार्यले बताउनुभयो।

"एउटा सरकार हुँदा गरेको निर्णय अर्को सरकार आएपछि प्रभावित हुन्छ, त्यही कारण आजसम्म यस ठाउँको विकास हुन सकेको छैन", उहाँले भन्नुभयो । भानु जन्मस्थल विकास समितिका पूर्व कार्यकारी निर्देशक शङ्कर रानाभाटले गत वर्षदेखि जन्मस्थल विकास समितिलाई कुनै पनि बजेट विनियोजन नभएको जानकारी दिनुभयो।

"पहिला सङ्घीय सरकार मातहत रहेको जन्मस्थल गत वर्षदेखि स्थानीय सरकार मातहत राखियो, त्यसभन्दा अगाडि आउने बजेट पनि कर्मचारीलाई तलब खुवाउन मात्रै ठिक्क हुन्थ्यो, अहिले त झन् बजेट नै छैन," उहाँले भन्नुभयो । उहाँले शुरुमा जति महत्वका साथ समिति गठन गरिएको थियो सरकारले चासो नदिएपछि समितिले काम गर्न नसकेको बताउनुभयो । "बजेट अभावले नै केही काम गर्न सकिएन, आएको थोरै बजेट कर्मचारीको तलब भत्तामै सकिन्छ, कर्मचारीले तलबबापतको रु ४५ लाख अझै पाएका छैनन्", उहाँले भन्नुभयो।

भानु नगरपालिका-४ शिखरकटेरीस्थित भानुगृह पुनःनिर्माण नहुँदा बेवारिसे अवस्थामापुगेकोछ।पश्चिमाञ्चल विकास मञ्चले भानु गृहको पुनःनिर्माणका लागि शिलान्याससमेत गरेको थियो। विसं २०७३ चैत २२ गते 'भानु शिखर कटेरी' को तत्कालीन मुख्य सचिव डा सोमलाल सुवेदी, पूर्व मुख्य सचिव लीलामणि पौडेल र पश्चिमाञ्चल विकास मञ्चका तत्कालीन अध्यक्ष रामकाजी कोनेले शिलान्यास गर्नुभएको थियो । भानू गृह करीब रु ६८ लाखको लागतमा निर्माण हुने भनिए पनि निर्माण कार्य शुरु नभएको भानु जन्मस्थल विकास समितिका पूर्व कार्यकारी निर्देशक रानाभाटले बताउनुभयो । विसं २०५७ मा भानु जन्मस्थल विकास समितिको सहयोगमा आदिकवि भानुभक्त नामक चलचित्र निर्माण गर्नका लागि भानुभक्तको घर पुनःनिर्माण गरिएको थियो।

जङ्गलबीचको खरको छानोको घरमा विसं २०६१ जेठमा आगलागी भएको थियो । साहित्यिक पर्यटकीयस्थलको रूपमा विकास गर्न र उक्त ठाउँलाई भानुग्राम बनाउने उद्देश्यले मञ्चले गुरुयोजनासमेत बनाएको थियो । गुरुयोजना अनुसार भानुभक्तको घर दुई तलाको हुनेछ। १० रोपनी क्षेत्रफलमा फैलिएको जग्गाभित्र भानुभक्तको घरसहित पोखरी, फूलबारी, होमस्टे, धर्मशाला, सङ्ग्रहालय, भ्युटावर, चौतारीलगायतका पूर्वाधार निर्माण गर्ने लक्ष्य छ।

# चामे-झोलुङ्गे पुल उच्च जोखिममा

**पोखरापत्र संवाददाता**
**मनाङ, २९ असार**

लगातारको अविरल वर्षाले मर्स्याङ्दी नदीमा रहेको पुल उच्च जोखिममा परेको छ । जिल्लाको माथिल्लो मनाङ जोड्ने एकमात्र चामे झोलुङ्गे पुल जोखिममा परेको छ । चामे गाउँपालिका-४ र ५ जोड्ने सो पुल मर्स्याङ्दी नदीमा आएको बाढीले धार काट्दै लगेपछि जोखिममा परेको सो गाउँपालिकाका सूचना अधिकारी लक्ष्मण गौलीले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "जिल्लाको चामे ४ र ५ जोड्ने झोलुङ्गे पुल उच्च जोखिममा रहेको छ । गत जेठ ३१ गतेदेखि परेको अविरल वर्षापछि मर्स्याङ्दी नदीमा बाढी आएको छ। नदीको वहाव अझै उस्तै छ, घटेको छैन । नदीमा आएको बाढीले धार काट्दै लगेको छ। यस कारणले पुलको एकतिरको भाग ढल्किएको छ । झोलुङ्गे पुलसम्म पानी आएको र ढल्किएपछि स्थानीयवासीको आवतजावत रोकिएको छ।"

नदीमा आएको बाढीले यही असार ४ गते माथिल्लो मनाङ जोड्ने मोटरेवल पुलमासमेत असर पुऱ्याएको थियो । अहिले पुलबाट आवातआवत बन्द छ । स्थानीयवासी यसपछि चामे झोलुङ्गे पुलबाट आवतआवत गर्दै आएका छन् । अहिले यो पुलमासमेत बाढीले क्षति पुऱ्याएपछि माथिल्लो मनाङसँगको सम्बन्धविच्छेद हुने सम्भावना बढेको उहाँले बताउनुभयो।

उहाँ भन्नुभयो," यो पुल नदीको बाढीले बगायो भने माथिल्लो मनाङसँगको सम्बन्धविच्छेद हुन्छ। ङिस्याङ गाउँपालिका-९ खाङसार स्थित विश्वकै अग्लो स्थानमा रहेको तिलिचो काललगायतका पर्यटकीय क्षेत्रबाट सम्बन्ध टुट्नेहुन्छ।" त्यस्तै नदीको बाढीले जिल्लाका दर्जनौं पुल बगाएका छन् । जिल्लामा अविरल वर्षासँगै आएको बाढीपहिरोले करोडौंको भौतिक क्षति पुऱ्याएपछि यतिवेला मनाङवासी पीडामा छन् । मर्स्याङ्दी नदीलगायत अन्य सहायक खोलामा आएको बाढीले जिल्लामा घर, सडक, चैत्य, गुम्बा, पुललगायतका संरचनामा क्षति पुगेको छ । जिल्लाको चार स्थानीय तह नै बाढीपहिरोबाट पूर्णरूपमा प्रभावित भएको छ । नार्सों, चामे र ङिस्याङ गाउँपालिका बाढीपहिरोबाट क्षतिग्रस्त भएको छ, भने नार्पाभूमि गाउँपालिका पहिरोबाट प्रभावित बनेको छ।

# विद्युत् र इन्टरनेट नहुँदा गाउँपालिकाको सेवा ठप्प

**पोखरापत्र संवाददाता**
**पर्वत, २९ असार**

भीषण पहिराका कारण मध्यपहाडी लोकमार्गको पर्वत-बागलुङ खण्ड विगत छ दिनदेखि अवरुद्ध रहेको छ।

जिल्लाको कुश्मा नगरपालिका-२ अर्मादी र नयाँपुलको बीचमा असार २४ गते सडकमाथिबाट ठुलाठूला ढुङ्गासहित आएको पहिराका कारण बाटो अवरुद्ध बनेको हो। पहिरो गएको भोलिपल्ट असार २५ बाटै मध्यपहाडीअन्तर्गत पर्वत खण्डको काम गरिरहेको लामा कन्स्ट्रक्शनले ब्रेकर हानेर ढुङ्गा फुटाउन खोज्दासमेत नफुटेपछि सडक खुलाउन समस्या भएको छ।

डोजरले बाटो खुलाउन नसकेपछि विस्फोटक पदार्थको प्रयोग गरेर बाटो सञ्चालन गराउनुपर्ने अवस्था आएपछि जिल्ला प्रशासन कार्यालयमा भएको बैठकबाट नेपाली सेनालाई त्यसको जिम्मा दिइए पनि सेना समेत सफल हुनसकेको छैन। सेनाको पर्वतमा रहेको केवलजङ्ग गुल्मले म्याग्दीबाट विस्फोटक पदार्थ ल्याएर सोमबारदेखि विस्फोट गराए पहिरो पन्छाउन थालेको छ। सोमबार दिउँसो र साँझ दुईपटक विष्फोट गराइएको भए पनि ढुङ्गा अझै नफुटेका कारण पन्छाउन नसकिएको हो।

विशाल आकारका ढुङ्गाहरू विस्फोटक पदार्थले फुटाएर ब्रेकर हान्न सकिने तथा डोजरले पेल्न सकिने बनाएपछि खुलाउन सहज हुने भए पनि सफल हुन नसकिएको ट्राफिक प्रहरी प्रमुख कृष्ण खड्काले जानकारी दिनुभयो। उहाँका अनुसार आज पनि दिनभर प्रयास गरिने भएको छ। अहिले यस क्षेत्रमा ठूलो वर्षा भइरहेको छ। वर्षाले झनै समस्या भएको खड्काले बताउनुभयो। वर्षा रोकिएपछि थप विस्फोट गराएपछि सम्भवतः आज साँझसम्म एकतर्फी सञ्चालनमा ल्याउन सकिने अनुमान प्रहरीको छ। दैनिक सयौँको सङ्ख्यामा सवारी गुड्ने पोखरा-बागलुङअन्तर्गत कुश्मा-बागलुङ सडक अवरुद्ध भएपछि कामचलाउ वैकल्पिक सडकका रूपमा साना सवारी साधनले अर्मादी-बगैँचाचोक-पाङ-सहस्रधारा जोडिने साँघुरो र कच्ची ग्रामीण सडक प्रयोग गर्दै आएका छन् भने ठूला सवारी गुड्न नसक्दा मालवाहक सवारी बागलुङ, म्याग्दी र पर्वतमा नै थुनिएका छन्।

# किसानलाई ब्याज अनुदान : बढ्यो कृषिमा लगानी

**रासस**
**बागलुङ, २९ असार (रासस)**

किसानलाई लगानी बढाई कृषिमा आत्मनिर्भर बनाउने उद्देश्यले किसानलाई गलकोट नगरपालिकाले ब्याज अनुदान दिएको छ। ब्याज अनुदान पाएपछि यहाँका कृषकले ऋण निकालेर कृषि फार्ममा लगानी बढाउँदै गएका छन्।

नगरपालिकालाई कृषि तथा पशुपक्षीमा आत्मनिर्भर गराउने उद्देश्यले किसानलाई ब्याज अनुदान दिने कार्यक्रम ल्याएको नगरपालिकाले जनाएको छ। यसका लागि बैंक तथा वित्तीय सहकारी संस्थासँग आवेदन माग गरेर सबैभन्दा सस्तोमा लगानी गर्नेमध्ये एक सहकारी छनोट गरिएको छ। कृषिमा भविष्य खोज्दै गरेको तर लगानी अभावमा समस्या परेका किसानले अहिले धमाधम ऋण निकालेर लगानी थप्दै र नयाँ फार्म स्थापना गर्न थालेका छन्।

गरिब किसानले सोझै बैंक तथा सहकारीमा ऋण लिँदा धितो राख्नुपर्ने, ऋण नदिने, ब्याज धेरै हुँदा लगानी गर्न नसकेका किसानलाई नगरपालिकाले अनुदानमा ब्याज रकम तिर्ने गरी ऋण उपलब्ध गराएको छ। यसका लागि किसानले फार्म धितो राखे पुग्नेछ। चालु आर्थिक वर्षमा शुरु भएको किसानलाई ब्याज दिने योजना प्रभावकारी बन्दै गएको नगरपालिकाका पशु तथा कृषि शाखाका संयोजक हरिदत्त सुवेदीले जानकारी दिनुभयो। सुवेदीका अनुसार नगरपालिका क्षेत्रबाट हालसम्म ९७ जनाले सयपत्री बहुउद्देश्यीय सहकारी संस्थामार्फत सहुलियत ब्याजदरमा नगरपालिकाले अनुदान लिएका छन्। अठार महिनाका लागि ९७ जनाले रु दुई लाखदेखि पाँच लाखसम्म फार्म धितो राखेर कृषि तथा पशु फार्म विस्तार गरेका छन्। सहकारीलाई नौ दशमलव सात प्रतिशत ब्याजमा ऋण सम्झौता भएकामा नगरपालिकाले छ दशमलव सात प्रतिशत ब्याज अनुदान दिँदै आएको सुवेदीले बताउनुभयो। यसमा तीन प्रतिशत मात्रै किसानले तिर्नेछन्।

"लगानी नपाउँदा किसानलाई फार्म विस्तारमा समस्या भएको गुनासो किसानको थियो, कसरी लगानी बढाउन सकिन्छ भन्ने नगरपालिकाले योजना गराउँदा फार्मलाई अनुदान नदिई ब्याजमा अनुदान दिने योजना बनाएका छौँ", सुवेदीले भन्नुभयो, "किसानले धितो राख्नसमेत समस्या भएर फार्म विस्तार नभएका किसानलाई ब्याजमा अनुदान दिँदा प्रभावकारी बन्दै गएको हो, ब्याजमा अनुदान दिन थालेपछि नगरपालिकामा ११० प्लाष्टिक टनेल तथा ४० पशुपक्षीको फार्म विस्तार भएको छ।" अनुदान दिँदा किसानले अनुदानका लागि मात्रै फार्म विस्तार गर्ने, पछि निरन्तरता नदिने र नक्कली किसानले लाभ लिनसक्ने भएकाले असली किसानले मात्रै ऋण खोज्ने भएकाले किसानले जम्मा तीन प्रतिशतमै ऋण पाउने गरी सहकारीसँग सम्झौता गरेको नगरपालिकाका प्रमुख भरत शर्मा गैरेले जानकारी दिनुभयो। नगरपालिकाले दिएको ब्याज अनुदानमा ऋण निकालेर दुई प्लाष्टिक टनेल थपेको गलकोट-५ का किसान राजु बस्नेतले बताउनुभयो। उहाँको कृषि तथा पशुपक्षी फार्ममा १० भैंसी, दुई गाई तथा प्लाष्टिक टनेल भएकामा ब्याज अनुदान पाएपछि ऋण निकालेर थप दुई टनेल थपेर सात पुऱ्याउनुभएको छ।

ब्याज अनुदान दिन सम्झौता गरेको सहकारीबाट९७कृषकलेरुदुई करोड९७लाखऋणलगेकोसयपत्री बहुउद्देश्यीय सहकारी संस्थाले जनाएको छ। नगरपालिकाले दूधमा समेत पालिकालाई आत्मनिर्भर गराउन भैंसी पकेट क्षेत्रसमेत बनाउन थालेको छ।

गलकोट-८ र ९ मा रु ४१ लाख लागतमा ८० उन्नत जातका पाडापाडी खरिद गरी भैंसी पकेट क्षेत्र बनाउने र रु २५ लाखको लागतमा हटिया बजारमा चिस्यान केन्द्र स्थापना गर्ने नगरपालिकाको योजना छ। उन्नत जातका पाडापाडी संरक्षण गरी हुर्काएर भैंसी पकेट क्षेत्र बनाई चार स्थानमा सङ्कलन केन्द्र बनाई हटिया बजारमा दूध बिक्री गर्ने नगरपालिकाको लक्ष्य रहेको नगरप्रमुख गैरेले जानकारी दिनुभयो। यसका लागि घुम्टे भैंसी पकेट नामकरण गरेर काम अगाडि बढाइएको छ।

# मनाङका बाढीपहिरो पीडितलाई सरकारबाट राहत आएन

**पोखरापत्र संवाददाता**
**मनाङ, २९ असार**

हिमाली जिल्ला मनाङमा लामो समयदेखि सरकारबाट कुनै किसिमका राहत प्राप्त नभएको बाढीपीडितले गुनासो गरेका छन्। गत जेठ ३१ गतेदेखि परेको अविरल वर्षापछि आएको बाढीपहिराले जिल्लाको अधिकांश क्षेत्रमा क्षति पुगेको छ।

बाढीपहिरो आएको लामो समय बित्दा पनि सरकारको तर्फबाट कुनै सहयोग नपाएको उनीहरूको गुनासो छ। अहिलेसम्म सरकारको तर्फबाट कुनै राहतको व्यवस्था नभएको र व्यक्तिगतरूपमा मात्रै राहत प्राप्त भएको चामे गाउँपालिका-४ का स्थानीय बासिन्दा पल्साङ लामाले बताउनुभयो। "बाढीपहिरापछि कष्टकर र दयनीय अवस्थामा बस्न बाध्य भएका छौँ, घर बाढीपहिराले बगाएपछि अहिले टेण्ट र त्रिपालको बास भएको छ। गाउँबस्तीलाई हेर्दा मन भक्कानिन्छ। यस वर्ष मनाङमा सोच्दै नसोचेको कुरा भयो। एक्कासि बाढीपहिरो आएर घर बस्ती सबै लग्यो", उहाँले भन्नुभयो, "यो समयमा सरकारी पक्षबाट सहयोग भएको छैन। राहत आएको छ त केवल विदेशमा रहेका नेपाली दाजुभाइ तथा दिदी बहिनीबाट व्यक्तिगतरूपमै भए पनि राहत सामग्री लिएर आएका छन्।" उहाँले पुनः थप्दै भन्नुभयो, "न प्रदेश सरकारले सहयोग गरेको छ, न केन्द्र सरकारले। अहिलेसम्म जसोतसो चलिरहेको छ। बस्न र खानका लागि धौधौ भएको बेलामा सरकारले कुनै चासो देखाएन। सरकार नै नभएको महसुस भएको छ।" आफैँले खाद्यान्न ढुवानी गरेर ल्याउन सडक सञ्जाल पूर्णरूपमा टुटेको छ। यहाँका बाढीपीडित केही सामुदायिक भवनतिर र केही त्रिपाल टाँगेर बस्ने गरेका छन्। सरकारको सहयोग नपाएपछि यहाँका नागरिक निराश हुन पुगेका छन्।

यता प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले बाढीपहिरापीडितलाई सरकारीस्तरबाट सक्दो सहयोग गरेको बताउनुभएको छ। बाढीपहिरापीडितका लागि व्यक्तिगत र सरकारी निकायसँग समन्वय गरेर राहत प्रदान गरिएको प्रजिअ लामिछानेले बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले कुनै पनि बाढीपहिरापीडितलाई छुट्याएका छैनौँ। व्यक्तिगत र सरकारी निकायसँग समन्वय गरेर राहत प्रदान गर्दै आएका छौँ। जिल्लामा खाद्यान्न सङ्कटको सम्भावना देखिएको छ। व्यक्तिगत र सरकारबाट पनि दोहोरो हुने गरेर कसैलाई पनि राहत प्रदान गरिएको छैन। सबैलाई समानरूपले राहतको व्यवस्था मिलाएर प्रदान गरेका छौँ।"

गत जेठ ३१ गतेदेखि परेको अविरल वर्षासँगै आएको बाढीपहिराले अर्बौंको भौतिक क्षति पुऱ्याएपछि यतिबेला मनाङवासी पीडामा छन्। मर्स्याङ्दी नदीलगायत अन्य सहायक खोलामा आएको बाढीले जिल्लामा घर, सडक, चैत्य, गुम्बा, पुललगायतका संरचनामा क्षति पुगेको छ।

जिल्लाको चार स्थानीय तह नै बाढीपहिराबाट पूर्णरूपमा प्रभावित भएको छ। नासोँ, चामे र ङिस्याङ गाउँपालिका बाढीपहिरो दुवैबाट क्षतिग्रस्त भएको छ भने नार्पाभूमि गाउँपालिका पहिरोबाट प्रभावित बनेको छ।

# भेन्टिलेटर उपयोगमा आएन

**पोखरापत्र संवाददाता**
**मनाङ, २९ असार**

गण्डकी प्रदेश सरकारले प्रदान गरेको एक भेन्टिलेटर मनाङमा प्रयोगमा आउन सकेको छैन। जिल्ला अस्पतालमा जनशक्तिको अभावमा भेन्टिलेटर थन्किएको हो।

अस्पतालमा कोरोना रोकथाम तथा नियन्त्रणका लागि एक वर्ष अगाडि भेन्टिलेटर पुगेको हो। अस्पतालमा भेन्टिलेटर पुगे पनि चलाउने जनशक्ति नहुँदा सञ्चालनमा आउन नसकेको अस्पतालका डा प्रतिभा गौलीले बताउनुभयो। डा गौलीले भन्नुभयो,"कोभिडका बिरामीका लागि उपचार गराउन भेन्टिलेटरका सबै सामग्री छन् तर जडान गरिएको छैन। भेन्टिलेटरसम्बन्धी तालीम प्राप्त डाक्टर भए सहज हुन्थ्यो, जनशक्ति अभावले सेवा प्रवाहमा समस्या भएको छ।" अस्पतालमा भेन्टिलेटरसहित दुई शय्याको सघन उपचार कक्ष निर्माणका लागि सामान खरीद गरिएको छ। जनशक्ति अभाव भएकै कारणले उक्त सेवा सञ्चालन गर्न नसकिएको डा गौली बताउनुहुन्छ। हिमाली जिल्ला मनाङमा जटिल बिरामीका लागि भेन्टिलेटरको सामग्री भए पनि दक्ष विशेषज्ञ नहुँदा प्रयोगमा आउन नसकेको उहाँले बताउनुभयो।

उहाँ भन्नुहुन्छ, "अस्पतालमा जनशक्तिको पनि अभाव छ, विशेषज्ञ चिकित्सक पनि छैनन्। श्वासप्रश्वासमा समस्या भएपछि 'हाइडिपेन्डेन्सी युनिट'मा उपचार गर्नुपर्ने बिरामीलाई पोखरा, काठमाडौँ पठाउनुपर्ने बाध्यता छ।" अघिल्लो पटक कोरोनाको असर कम मात्रमा देखिएको यहाँ दोस्रो लहरको प्रभाव समुदायस्तरमा देखापरेको छ। हिमालपारिको जिल्ला मनाङमा कोरोना महामारीको दोस्रो लहरमा १५४ जना सङ्क्रमित भइसकेका छन्। अहिले जिल्लामा सक्रीय सङ्क्रमितको सङ्ख्या १७ रहेको जनस्वास्थ्य कार्यालय मनाङका प्रमुख बद्री आचार्यले जानकारी दिनुभयो।

उहाँका अनुसार १७ जना सङ्क्रमितमध्ये १६ जना जिल्लाभित्रैको संस्थागत आइसोलेशन केन्द्रमा उपचार भइरहेको छ, भने एक जनालाई पोखरा पठाइएको छ। जिल्लाका चार स्थानीय तहमध्ये हालसम्म नार्पाभूमि गाउँपालिकामा कोरोना सङ्क्रमितको सङ्ख्या शून्य अवस्थामा रहेको प्रमुख आचार्यले बताउनुभयो।चामेमा६०,ङिस्याङमा ६२ र नासोँ गाउँपालिकामा ३० जनालाई कोरोना सङ्क्रमण पुष्टि भएको थियो। तीमध्ये अहिले ङिस्याङका १० र नासोँका सात सङ्क्रमितको उपचार भइरहेको जनस्वास्थ्य कार्यालयको तथ्याङ्क छ। १३७ जना निको भएर घर फर्किसकेका छन्। हालसम्म सङ्क्रमणका कारण दुई जनाको मृत्यु भएको जनस्वास्थ्य कार्यालयले जनाएको छ। जिल्लामा दोस्रो चरणमा ल्याएको कोरोना भाइरसविरुद्धको खोप बचाउन मुस्किल भएको छ। जिल्लामा बाढीपहिरोपछि विद्युतीय, सडक, फोन इन्टरनेटमा अवरुद्ध हुँदा खोप बचाउन मुस्किल भएको हो। तत्कालका लागि पोखराबाट नेपाली सेनाको हेलिकप्टरमार्फत आइसप्याक मगाइएको जनस्वास्थ्य कार्यालयका प्रमुख बद्री आचार्यले बताउनुभयो।

प्रमुख आचार्यले भन्नुभयो, "बाढीपहिरो पश्चात् जिल्लामा पोल ढलेपछि बिजुली अवरुद्ध भएको छ। पच्चीस दिनदेखि तत्कालका लागि पोखराबाट मगाइएको आइसप्याकमा खोपलाई सुरक्षित तवरले राखेका छौँ तर यसरी कति राख्ने खोप खेर जाने सम्भावना बढ्दै गएको छ।"

यस्तै विकट नार्पाभूमि गाउँपालिकामा कोरोना भाइरसविरुद्धको खोप कसरी लैजाने भन्ने चिन्ता थपिएको छ। " त्यहाँ पुग्न हिँडेर जान मात्र तीन दिन लाग्छ। अहिले त झन् बाढीपहिराले सबै बाटोघाटो भत्काउनाका साथै बगाएर लगेको छ। हिँडेर जान सम्भव छैन", आचार्यले भन्नुभयो।

# पूरा हुँदै खानेपानी सपना

**पोखरापत्र संवाददाता**
**बागलुङ, २९ असार**

एक समय थियो तिर्खा मेट्न थुम्काबासी कुवा धाउँथे। पानी जोहो गर्दैमा बिहान बित्थ्यो। सबैभन्दा ठूलो सास्ती गृहिणीले व्यहोर्थे। अहिले त घरघरै धारा, चाहिएजति पानी। थुम्काको मात्र होइन, गलकोट नगरपालिका-२ नरेठाँटीका सबै गाउँबस्तीको खानेपानी सपना अब पूरा हुँदैछ। गाउँलेको दैनिकी बदलिँदै छ।

'एक घर, एक धारा' को लक्ष्यसहित चार वर्षअघि शुरु भएको 'जसपुर-घामपानी-मसरा' खानेपानी तथा सरसफाइ आयोजनाले नरेठाँटीको खानेपानी समस्या सँधैँका लागि अन्त्य गर्ने भएको हो। घरघरै खानेपानी आएपछि सुविस्ता भएको थुम्काकी दुर्गादेवी भण्डारीले बताउनुभयो। "पानीको साह्रै दुःख थियो, अहिले त धेरै सहज भएको छ", उहाँले भन्नुभयो। सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालय, बेनी, म्याग्दीअन्तर्गत रु २१ करोड ५२ लाखको लागतमा उक्त आयोजनाको काम भइरहेको छ। आयोजना कार्यालयका इञ्जिनियर प्रदीप रेग्मीले आउदो आवभित्र काम सक्ने लक्ष्य लिइएको बताउनुभयो। "आयोजनाको भौतिक प्रगति राम्रो छ, सरासर काम भए एक वर्षमा सबै घरघुरीमा खानेपानी पुग्छ", उहाँले भन्नुभयो। ट्याङ्की निर्माणको काम लगभग सकिएकाले अहिले पाइप बिछ्याउने र खानेपानी वितरणमा आयोजनाको काम केन्द्रित छ। आयोजनाका सुपरभाइजर मणि कँडेलले ठूलासाना गरी २६ वटा ट्याङ्की निर्माण भइसकेको जानकारी दिनुभयो। १० देखि ५० घनमिटरसम्मका ट्याङ्की बनाएर खानेपानी वितरणको प्रबन्ध मिलाइएको छ। नरेठाँटी बजार र आकाशे पानीमा ५० घनमिटरको ट्याङ्की निर्माण गरिएको छ। भूगोल र जनसङ्ख्याको अवस्थिति हेरेर ट्याङ्की निर्माण गरिएको हो।आयोजनाबाट लाभ पाउने ६५० घरधुरीमध्ये दुई सय बढीमा खानेपानी वितरण भइसकेको सुपरभाइजर कँडेलले बताउनुभयो। "अब पाँच/सातवटा ट्याङ्की निर्माण गर्न बाँकी छ, अहिले मुख्य रूपमा पाइप बिछ्याउने र खानेपानी वितरणको काम भइरहेको छ", उहाँले भन्नुभयो।

उपभोक्ताले मिटर प्रणालीबाट खानेपानीको उपभोग गरिहेको आयोजनाले जनाएको छ। छिट्रै ठाना, बहेली र घरघरमा खानेपानी वितरणको काम शुरु हुँदैछ। यसअघि नरेठाँटी बजार, पैँयुडाँडा, थुम्का, जस्कुरलगायतका बस्तीमा खानेपानी पुगिसकेको छ। हालसम्म झण्डै रु दश करोड बराबरको काम सकिएको उपभोक्ता समितिले जनाएको छ। समितिमार्फत बाँस्तोला निर्माण सेवाले कामको जिम्मा लिएको छ। सिङ्गो वडाभरि रहेका मुहानलाई केन्द्रित गरी आयोजनामार्फत घरघरमा खानेपानी वितरण गर्न लागिएको समितिका अध्यक्ष रुमबहादुर कुँवरले बताउनुभयो। खानेपानीको सहज सुविधाका लागि यति ठूलो लगानीको आयोजना गलकोटकै पहिलो रहेको वडाध्यक्ष हिमबहादुर भण्डारीले बताउनुभयो।

"आयाजनाबाट सिङ्गै वडाभरिका घरधुरीमा धारा पुग्छ, यसबाट स्थानीयवासीलाई ठूलो सुविधा हुनेछ", उहाँले भन्नुभयो, "सङ्घीय सरकारको बहुवर्षीय योजना रहेकाले निर्धारित समयमै आयोजनाको काम सकिने विश्वास छ।" आयोजना कार्यालयका अनुसार चालू आर्थिक वर्षको खर्चको बजेट आउन बाँकी छ। यो वर्षदेखि केन्द्रीय खानेपानी शीर्षकमा बजेट छुट्टिने भएकाले स्रोत व्यवस्थापनमा कमी नहुने इञ्जिनीयर रेग्मीले बताउनुभयो।

# 'चुँदीरम्घालाई भाषा अनुसन्धानको केन्द्र बनाइने'

**रासस**
**दमौली, २९ असार (रासस)**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपालीले आदिकवि भानुभक्त आचार्यको योगदान स्मरण गरेर नेपाली भाषालाई अझ मजबुद बनाउनुपर्ने बेला आएको बताउनुभएको छ।

आदिकविको दुई सय आठौँ जन्मजयन्तीका अवसरमा आज शुभकामना वक्तव्य जारी गर्दै उहाँले भन्नुभयो, "भाषा निरन्तर रूपमा परिमार्जन र परिष्कृत हुँदै जाने विषय हो। भानुभक्तले लगाएको बलियो जगमा टेकेर नेपाली भाषाको श्रीवृद्धिमा लाग्न यस पावन अवसरमा म सम्पूर्ण विद्वानहरूलाई अनुरोध गर्दछु।"

उहाँले युगपुरुष भानुभक्त जन्मेको स्थल पुण्य भूमि हो जनाउँदै भन्नुभयो, "साहित्यकारका लागि तनहुँ तीर्थस्थल हो। भानुभक्तको जन्मस्थललाई नेपाली भाषा, साहित्य र संस्कृति विकासको केन्द्रका रूपमा स्थापित गर्नु आवश्यक छ।" पुण्य भूमिको समृद्धिका लागि र चुँदी रम्घालाई नेपाली भाषाको विकासको अध्ययन अनुसन्धान गर्ने केन्द्रका रूपमा विकास गर्न उहाँले प्रदेश सरकार सरोकारवाला सबैसँग मिलेर काम गर्न प्रतिबद्ध रहेको जनाउनुभयो।

पृथ्वीनारायण शाहले भौगोलिक रूपमा एकीकरण गरेको नेपाललाई आदिकविले भाषा, साहित्य र संस्कृतिमार्फत एकीकरण गरेको गौरवपूर्ण सन्दर्भलाई मुख्यमन्त्री नेपालीले स्मरण गर्नुभयो।

रामायण जस्तो चर्चित र लोकप्रिय ग्रन्थलाई नेपालीमा अनुवाद गरी जनजनमा पुऱ्याएर नेपाली भाषाको श्रीवृद्धि मात्र होइन राष्ट्रिय एकता प्रवर्द्धनमा भानुले गरेको योगदान नेपाल र नेपालीको मानसपटलमा युगयुगसम्म रहने शुभकामना सन्देशमा उल्लेख छ।

विसं १८७१ मा असार २९ मा तनहुँको चुँदी रम्घा गाउँमा कुलीन परिवारमा भानुको जन्म भएको हो। भानुभक्त सम्पूर्ण नेपाली जातिका लागि प्रेरणा र गौरवको स्रोत जनाउँदै उहाँले संसारभर छरिएर रहेका नेपालीहरूका लागि आदिकवि सदासर्वदा प्रातःस्मरणीय रहेको विज्ञप्तिमा जनाउनुभएको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २३ सल्यान दोस्रो ठुलाखेत खानेपानी योजना निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम : सल्यान दोस्रो ठुलाखेत खानेपानी योजना निर्माण**
**स्थानः पोमनपा वडा नं. २३, सल्यान, पोखरा**
**योजना सुरु मिति : २०७८/०३/०२ गते**
**योजना सम्पन्न हुने मिति : २०७८/०३/२० गते**
**योजनाको कुल लागत : रु. ३,७५,०००/-**
**महानगरपालिकाबाट प्राप्त रकम : रु.३,००,०००/-**
**जन श्रमदानबाट : रु.७५,०००/-**
**प्राविधिक सहयोग : वडा कार्यलय, पोखरा-२३**

**उपभोक्ता समितिः केशव प्रसाद सुवेदी- अध्यक्ष**
**कृष्ण दाहाल- सचिव**
**लक्ष्मी भण्डारी- कोषाध्यक्ष**

**सल्लान दोस्रो ठुलाखेत खानेपानी तथा सरसफाई समिति पोखरा- २३**